# मेलमिलापको परिणामबाट भएको अन्तर्राष्ट्रिय निरुपण सम्झौताका सम्बन्धमा व्यवस्था भएको संयुक्त राष्ट्र संघीय महासन्धि

# (United Nations Convention on International Settlement Agreements Resulting from Mediation, 2018)

## (संक्षिप्त टिपोट)

## १. परिचय

१. संयुक्त राष्ट्र संघको तत्वावधानमा लामो वार्ता र छलफल पछि मेलमिलापको परिणामबाट भएको अन्तर्राष्ट्रिय निरुपण सम्झौताका सम्बन्धमा व्यवस्था भएको संयुक्त राष्ट्र संघीय महासन्धि ["मेलमिलाप सम्बन्धी सिंगापुर महासन्धि (Singapore Convention on Mediation)" भनिएको] को सन् २०१८ मा मस्यौदा तयार भएको थियो । संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् २०१८ को डिसेम्बर २० का दिन यस महासन्धिलाई एक प्रस्ताव (Resolution 73/198) पारित (Adopt) गरी पारित गरेको र सो महासन्धिको पक्ष हुन आव्हान गरेको थियो । यो महासन्धिलाई अगस्ट ७, २०१९ का दिन सदस्य मुलुकबाट हुने हस्ताक्षरको लागि सिंगापुरमा खुल्ला गरिएको थियो र हालसम्म (२९ जनवरी २०२०), ५२ देशहरुले यस महासन्धिमा हस्ताक्षर गरिसकेका छन् ।[१] संयुक्त राज्य अमेरिका, चीन, दक्षिण कोरिया, भारत, थाइल्याण्ड लगायतका मुलुकले सोही दिन महासन्धिमा हस्ताक्षर गरेका थिए ।

२. अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धन र अन्तर्राष्ट्रिय व्यापारसंग सम्बन्धित विवादलाई समाधान गर्नको लागि वैकल्पिक र प्रभावकरी उपायको रुपमा मेलमिलापलाई लिइने र

---

१ SAARC मुलुकमा अफगानिस्तान, भारत, माल्दिभ्स र श्रीलंका गरी ४ राष्ट्रहरुले यो महासन्धिको हस्ताक्षर गरेका छन् ।

मेलमिलापको माध्यमबाट UN ले कार्यान्वयनमा ल्याएको दिगो विकास (Sustainable Development) को लक्ष्यलाई योगदान गर्नु महासन्धिको मुख्य उद्देश्य रहेको छ ।

३. व्यापार व्यवसाय सम्बन्धी अन्तर्राष्ट्रिय प्रकृतिको विवादलाई बाध्यात्मक प्रकृतिको अदालती कारबाहि वा मध्यस्थताबाट भन्दा स्वैच्छामा आधारित मेलमिलापको विश्वव्यापी संरचना तय गर्नु पनि महासन्धिको उद्देश्य रहेको छ ।

मेलमिलाप विवाद समाधानको एक अनौपचारिक र अत्यन्त गोप्य प्रकृया हो, जसमा एक तटस्थ - तेस्रो पक्षले विवादका पक्षहरुलाई विवाद समाधान गर्न सहजता पुर्‍याउन एक सेतुका रुपमा काम गर्दछ । पक्षहरुलाई वार्ता वा अन्य उपयुक्त माध्यमबाट मतभिन्नता अन्त्य गर्न तेस्रो पक्षले मद्दत पुर्याउने हुन्छ । यस महासन्धिको कार्यान्वयन भएमा मेलमिलापबाट व्यापारिक वा व्यावसायिक प्रकृतिको अन्तर्राष्ट्रिय विवाद अदालती कारबाही वा मध्यस्थताको प्रकृयाबाट हुने झन्झट र खर्च रोकिई, सरल, सहज र छिटो प्रकृयाबाट समाधान गर्न सकिने हुन्छ ।

तसर्थ प्रस्तुत महासन्धिको पक्ष हुने सिलसिलामा नेपालले सो महासन्धिमा हस्ताक्षर हुन वान्छनीय देखिन्छ ।

## २. <u>महासन्धिका मुख्य प्रावधानहरु</u>

१. महासन्धि वमोजिम यसका प्रावधान अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी विवाद समाधानका लागि गरिएका निरुपण सम्झौताबाट सिर्जित लिखित सम्झौताको हकमा मात्र लागू हुनेछ । व्यक्तिगत वा पारिवारिक उद्देश्यका साथ गरिएको मिलापत्र सम्झौता, अदालतबाट निरुपण सम्झौतालाई स्वीकार गरिसकेको अवस्थामा वा अदालतबाट जारी

गरिएको निरुपण सम्झौता र मध्यस्थताका निर्णयहरु (arbitral awards) को हकमा महासन्धिको प्रावधान लागू नहुने व्यवस्था धारा १ मा उल्लेख भएको पाइन्छ ।

२. मेलमिलापको परिणामबाट भएको अन्तर्राष्ट्रिय निरुपण सम्झौता (International Settlement Agreements) लाई पक्ष राष्ट्रले कार्यान्वयन गर्नुपर्ने र विवादका पक्षले महासन्धिसंग सम्बन्धित निरुपण सम्झौता उपयोग गर्न पाउने गरी धारा ३ बमोजिम पक्ष राष्ट्रले बहन गर्नुपर्ने दायित्वहरूको व्यवस्था गरिएको छ। धारा ४ बमोजिम कुनै पक्षले निरुपण सम्झौता उपयोग गर्दा अधिकार प्राप्त निकाय वा अदालतले आवश्यक प्रमाण कागजात माग गर्न पाउने व्यवस्था गरेको छ।

३. पक्षको सक्षमताको अभाव देखिएमा, निरुपण सम्झौता अमान्य वा बदर भएमा वा परिपालन गर्ने अवस्था नभएमा, निरुपण सम्झौताको वैधानिकतामा प्रश्न उठेमा, मेलमिलापकर्ताको असक्षमता र समाजिक व्यवस्थाको विरूद्धमा हुने गरि उपचार माग गरेमा अदालतले उपचार दिन इन्कार गर्न सक्ने व्यवस्था पनि महासन्धिमा उल्लेख गरिएको पाइन्छ ।

४. अन्य अदालतमा मुद्दा विचाराधिन भएमा वा मध्यस्थताका माध्यम बाट विवाद समाधान गर्ने प्रकृया चलाई parallel applications or claims चलाइएको खण्डमा, अदालतले उपचार दावी गरि हालिएको मुद्दामा, दावी गरिएको उपचारमा विचाराधिन मुद्दा वा मध्यस्थताले असर गर्ने देखिए, फैसलालाई स्थगन गर्न सक्ने व्यवस्था पनि सिंगापुर महासन्धिमा उल्लेख गरिएको छ ।

५. कुनै पक्ष राष्ट्रले निरुपण सम्झौता लागू (application) नहुने गरी र निरुपण सम्झौताका पक्षले यस सन्धिको प्रावधानलाई स्वीकार गरेका हदसम्म मात्र लागू हुने

गरी आरक्षण राख्न सक्ने व्यवस्था महासन्धिको धारा ८ मा व्यवस्था भएको देखिन्छ ।

६. धारा ११ मा यस महासन्धि हस्ताक्षरका लागि सबै राष्ट्रलाई खुला गरिनुका साथै सम्मिलन हुन चहाने राष्ट्रका लागि समेत खुल्ला गरेको छ । सन्धिको हस्ताक्षर पछि, अनुमोदन, स्वीकृति वा सर्मथन गर्नुपर्नेछ । धारा १४ वमोजिम त्यसरी अनुमोदन, स्वीकृति वा सर्मथनका लिखत अभिलेख अधिकारी समक्ष दाखिला गरेको छ महिना पछि महासन्धि सम्बन्धित मुलुकको हकमा प्रारम्भ हुनेछ ।

## ३. नेपालको कानूनी व्यवस्था

मेलमिलाप नेपाली कानूनमा नयाँ विषय होइन । विगतमा अदालती कारबाहीमा देवानी प्रकृतिका विषयमा अपनाइने मिलापत्रले कुनै न कुनै रुपमा मेलमिलापको उद्देश्य पूरा गरेको थियो । सामुदायिक मेलमिलापको अभ्यास पनि हाम्रो सन्दर्भमा रहेको कुरा उल्लेख हुन वान्छनीय देखिन्छ।

मुलुकी देवानी कार्याविधि संहिता, २०७४ को दफा १९४ बमोजिम पक्षहरुले चाहेमा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको मुद्दाको (देवानी प्रकृतिको मुद्दा) मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न संयुक्त रुपमा अदालतमा निवेदन दिन सक्ने व्यवस्था रहेको र त्यसरी निवेदन दिएकोमा अदालतले मेलमिलापबाट विवादको समाधान गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ ।

त्यसरी नै दफा २३४ बमोजिम मेलमिलापको माध्यमबाट पक्षहरुले फैसला कार्यान्वयन गर्न चाहेमा संयुक्त निवेदन दिन सक्ने र त्यसरी निवेदन दिएकोमा मेलमिलापबाट फैसला कार्यान्वयन गर्नु पर्ने व्यवस्था रहेको छ ।

मेलमिलाप सम्बन्धी ऐन, २०६८ प्रारम्भ भएपछि मेलमिलाप सम्बन्धी कानूनी व्यवस्थाले संस्थागत विकास गरेको छ । सो ऐन बमोजिम व्यापार तथा व्यवसायसंग सम्बन्धित विवाद पनि मेलमिलापको माध्यमबाट निरुपण गर्न सकिने व्यवस्था सो ऐनमा स्पष्ट रुपमा उल्लेख भएको छ ।

जहाँसम्म विदेशमा मेलमिलापबाट भएको विवाद निरुपणको सम्झौता नेपाल भित्र कार्यान्वयन गर्ने प्रश्न छ, त्यस्तो विषय सो ऐनमा व्यवस्था भएको छैन । मध्यस्थता ऐन, २०५५ बमोजिम विदेशमा भएको मध्यस्थताको निर्णय नेपालमा कार्यान्वयन गर्ने सम्वन्धमा आवश्यक व्यवस्था भएको सन्दर्भमा मेलमिलाप ऐन, २०६८ मा पनि मेलमिलापको प्रयोजनका लागि त्यस्तै प्रकारको व्यवस्था गर्नुपर्ने हुन्छ । यस प्रयोजनका लागि अन्तर्राष्ट्रिय व्यापार कानूनका लागि संयुक्त राष्ट्र संघीय आयोग (UNCITRAL) ले UNCITRAL Model Law on International Settlement Agreements Resulting from Mediation (UNCITRAL Model Law) तयार गरी सदस्य मुलुकहरुलाई त्यस अनुरुप राष्ट्रिय कानून बनाउन सिफारिस गरेको हुनाले प्रस्तुत महासन्धिको नेपाल पक्ष भएपछि UNCITRAL Model Law को आधारमा मेलमिलाप ऐन, २०६८ मा आवश्यक परिच्छेद व्यवस्था गरी विदेशमा भएको निरुपणको सम्झौता कार्यान्वयन गर्न सकिने बन्दोवस्त गर्नुपर्ने हुन्छ ।

४. <u>सिंगापुर महासन्धिको पक्ष हुँदा हुने फाइदा</u>

सिंगापुर महासन्धिले मेलमिलापको माध्यमबाट समाधान गरिएको विवादको निरुपण सम्झौताको कार्यान्वयनको लागि आवश्यक कानूनी संरचना स्थापना गर्छ । महासन्धिले निरुपण सम्झौतालाई वैधानिकता दिन र अदालतबाट कार्यान्वयन गराउने प्रकृयामा

पक्षराज्यहरु बीच एकरुपता (consistent standards) कायम गरी अन्तर्राष्ट्रिय निरुपण सम्झौताको बहिर्क्षेत्रीय रुपमा कार्यान्वयन गर्न सहयोग गर्छ । यसका अतिरिक्त, महासन्धिको पक्ष हुँदा अनुभूति गर्न सकिने गरी देहायको फाइदा हुने हुन्छ :

१. नेपालमा लगानी गर्ने लगानीकर्ताहरुलाई मध्यस्थताको अतिरिक्त मेलमिलापको परिणामबाट भएको अन्तर्राष्ट्रिय निरुपण सम्झौता नेपालमा कार्यान्वयनमा हुने विश्वास अभिवृद्धि हुने,

२. विवाद समाधानका विभिन्न वैकल्पिक उपायहरुका सम्बन्धमा कानूनी संयन्त्र नेपालमा उपलव्ध रहेका र नेपाल सरकारको त्यस प्रति प्रतिबध्दता रहेको सम्प्रेषण हुने,

३. नेपाल महासन्धिको पक्ष भएमा नेपालमा लगानी गर्ने लगानीकर्ताले थप सहजता महसुस गर्ने र Doing Business in Nepal को प्रकृयालाई थप सजिलो हुने विश्वास सिर्जना हुने हुन्छ ।

## ५. <u>आयोगको सिफारिस</u>

नेपाल कानून आयोग ऐन, २०६४ को दफा १० को खण्ड (च) बमोजिम सिंगापुर महासन्धिको पक्ष हुने सन्दर्भमा देहाय बमोजिम हुन सुझाव दिइएको छ:

१. सार्क क्षेत्र लगायत विश्वका प्रमुख लगानीकर्ता मुलुकले सिंगापुर महासन्धिको हस्ताक्षर गरिसकेको अवस्थामा नेपालले पनि यस महासन्धिमा हस्ताक्षरगर्दा विदेशी लगानीकर्ताहरुलाई राम्रो सन्देश जाने र नेपालमा लगानी मैत्री वातावरण रहेको पुनर्पुष्टी (reconfirmed) हुने हुनाले महासन्धिमा नेपालले हस्ताक्षर गर्न आवश्यक कारबाही हुन वान्छनीय भएको,

२. प्रकरण (१) बमोजिम प्रस्तुत महासन्धिको हस्ताक्षर गर्न नेपाल सरकारबाट निर्णय भएमा, सिंगापुर महासन्धिको धारा ११ बमोजिम सन् २०१९ को अगस्त ७

तारिखका दिन सिंगापुरमा र त्यसपछि संयुक्त राष्ट्र संघको प्रधान कार्यालय न्यूयोर्कमा हस्ताक्षरका लागि खुला रहेकोले सोही बमोजिम नेपालका तर्फबाट हस्ताक्षर हुन संयुक्त राष्ट्र संघका लागि नेपालका स्थायी प्रतिनिधिलाई पूर्णाधिकार (full powers) प्रदान हुन वान्छनीय हुने,

३. प्रकरण (२) बमोजिम महासन्धिमा हस्ताक्षर भएमा उपयुक्त समयमा प्रस्तुत महासन्धिको नेपाल सन्धि ऐन, २०४७ बमोजिम नेपालले अनुमोदन गर्ने,

४. प्रकरण (३) बमोजिम नेपालबाट सिंगापुर महासन्धि अनुमोदन हुने भएमा महासन्धिको व्यवस्थालाई आन्तरिकीकरण (domestication) गर्नका लागि मेलमिलाप सम्बन्धी ऐन, २०६८ मा आवश्यक व्यवस्था गर्न संशोधन गर्ने ।